Reg. No. 681 SWC Aff. No. 15556

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

## Rastriya Dalit Network (RDN)Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

**प्रेस विज्ञप्ति**

सिरहा जिल्लाको भगवानपुर गाउँपालिकाका अध्यक्ष श्रीउग्रनारायण यादवकी ममतामयी आमाको यही २०७९ फागुन १० गते असमायिक निधनप्रति सर्वप्रथम हार्दिक श्रद्धान्जली तथा शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । विडम्बना गाउँपालिकाको अध्यक्ष जस्तो गरिमामय पदमा आसिन निज उग्रनारायण यादवले मिति २०७९ फागुन २२ गते आफ्नो आमाको १३औं दिनको पुन्य थितिको अवसरमा आयोजना गरिएको **कृया भोजमा** दलित र गैरदलितको लागि अलग अलग साइनबोर्ड टाँसेर अलग लाइन बनाएर दलित समुदायमाथि गरिएको जातीय छुवाछूत तथा भेदभावको अमानवीय घट्नाप्रति हाम्रो संस्थाको गम्भिर ध्यानाकर्षण भएको छ ।

सिराहबाट प्रकाशन हुने एक दावानल अनलाइन तथा सिराह जिल्लामा कार्यरत दलित नेताहरुका अनुसार गापा अध्यक्ष निज उग्रनारायण यादवको आमाको कृया भोजमा नेकपा (एमाले) सिरहाका समस्त नेताहरु आमन्त्रित थिए । र त्यही मौकामा सोही स्थानमा नेकपा (एमाले) सिरहा जिल्ला कमिटीको बैठक समेत राखिएको थियो । भोज खाने र पार्टी बैठकमा नेकपा (एमाले) का प्रदेश र प्रतिनीधिसभाका गरी आधा दर्जन बढी बहालबाला सांसद, आधा दर्जन बढी मेयरउपमेयरहरु र अन्य जनप्रतिनिधिहरुको बाक्लो उपस्थिति रहेको थियो । नेकपा एमालेका पोलिटव्युरो सदस्य, मधेस प्रदेश सहइन्चार्ज तथा पूर्व कानूनमन्त्री तथा समाज कल्याणमन्त्री लीलानाथ श्रेष्ठको पनि उपस्थिति रहेको थियो । कृया भोजमा पानी चल्ने भनिएका गैरदलितहरु एकापटी बस्ने र पानी नचल्ने दलितहरुलाई अर्कोपटी बसेर भोज खाने व्यवस्था गरिएको थियो । त्यसैगरी मुश्लिमहरुका लागि अलग स्थानमा बसेर भोज खाने प्रवन्ध गरिएको थियो । जातिअनुसार पानी चल्ने उच्च जातकाहरु र दलितहरु बस्ने स्थानमा प्लेकार्ड अर्थात साइनबोर्ड नै लगाइएको थियो । दलितहरूलाई भोजन बाँड्ने स्वयंसेवकहरु पनि अलग थिए । भने गैरदलितहरुका लागि भोज पस्किनेहरु अलग थिए । भोजमा जातीय छुवाछूत गरिएकोमा प्रश्न उठाउने केही सचेत दलितहरुलाई स्वयंसेवकहरुले धपाएका थिए ।

नेपालको संविधान तथा प्रचलित कानूनलाई ठाडो चुनौति दिनेगरी जिम्मेवार पार्टी नेताहरु तथा सार्वजनिक पदधारण गरेका व्यक्तिहरु उपस्थित भएको स्थानमा जातीय छुवाछूतलाई संस्थागत रुपमा संरक्षण गर्ने गरी घटाइएको यस घट्नाको जति विरोध गरेपनि कम हुन्छ । त्यसैले यस घट्नाको तत्काल सत्थतथ्य छानवीन गरी घट्नामा सलग्न निज गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलगातलाई कार्वाही गर्न जोडदार माग गर्दछौ । यदि यस घट्नाप्रति वेवास्ता गरिए सो घट्नाको प्रतिरोधबाट उत्पन्न हुने परिणामको जिम्मेवारी सम्बन्धित निकाय नै हुने यसै प्रेस विज्ञप्तिमार्फत अवगत गराउन चाहन्छौं । साथै, यस अमानवीय घट्नाको स्थलगत अध्ययन गरी आवश्यक पहल गर्न राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, मानवअधिकार समुदाय तथा न्यायप्रेमी नागरिक समाजहरुमा हार्दिक अपिल गर्दछौं ।

मिति २०७९ फागुन २५ गते

**मोहन ओड**
**महासचिव**